# तारागाउँ रिजेन्सी होटल्स लिमिटेड
# M/s Taragaon Regency Hotels Ltd.

बौद्ध, काठमाण्डौ, नेपाल, फोन: ४२१७१२३, फ्याक्स: ५१७८३३३

HYATT REGENCY

## आ.व. २०७५/०७६ को चौथो त्रैमासिक प्रतिवेदन

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची - १४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

**१) वित्तीय विवरण**

(कम्पनीको हिसाव किताव लेखाङ्कन अग्रेजी महिना अनुसार गर्ने गरीएको हुँदा यस अवधीको प्रतिवेदनमा १७ जुलाई २०१८ देखि १६ जुलाई २०१९ सम्मको वित्तिय विवरण प्रस्तुत गरीएको छ )

क) विवरण तल संलग्न छ।

**ख) प्रमुख वित्तीय अनुपातहरु :**

| आ.व. २०७५।०७६ | प्रतिशेयर आम्दानी | प्रतिशेयर नेटवर्थ | P/E ratio | प्रतिशेयर कूल सम्पत्तिको मुल्य | तरलता अनुपात |
|---|---|---|---|---|---|
| चौथो त्रैमासिक | १८.६८ | १३३.०९ | १६.९२ Times | १७७.२३ | २.०८ |

**२) व्यवस्थापकिय विश्लेषण**

क) गत आ.व.२०७४।०७५ को १६ जुलाई २०१७ देखि १६ जुलाई २०१८ सम्मको अवधीमा कूल बिक्री रु. १४७ करोड भई नाफा रु. २८.१० करोड भएकोमा यस आ.व. २०७५।०७६ को सोही अवधीमा कूल बिक्री रु. १२.८८ करोडले बढेर १६० करोड पुगेको र नाफा रु. ३५.२४ करोड आर्जन गरेको ब्यहोरा अवगत गराउदछौं। पर्यटकको आगमनमा आएको वृद्धी, प्रभावकारी बजार प्रवर्द्धन र कुशल व्यवस्थापन रणनीतिले गर्दा विक्रि तथा नाफा विगतको वर्ष भन्दा बढी भएको कुरा जानकारी गराइन्छ।

ख) नेपालको सुधारोन्मुख राजनैतिक तथा आर्थिक अवस्थाको कारणले विभिन्न क्षेत्रमा प्रतिस्पर्धा बृद्धि हुनको साथै पर्यटन क्षेत्रमा पनि तारे होटलहरुको संख्यामा हुन गईरहेको बृद्धिको कारणले कडा व्यवसायिक प्रतिस्पर्धा सृजना हुने देखिन्छ। हालको अवस्थासम्ममा यस होटलले व्यवसायिक प्रतिस्पर्धामा आफुलाई सबल राखेको र आगामी अवधीको कडा व्यवसायिक प्रतिस्पर्धालाई सामना गर्न मुख्य रुपमा होटल अझ बढि सुविधा सम्पन्न बनाउने लक्ष्य लिएको छ। यसै क्रममा होटलले Banquet Hall र Meeting Room को Renovation विगतको आ.ब.मा सम्पन्न गरी सकेको र आगामी अवधीमा Lobby Lounge, Restaurants तथा कोठाहरुको Renovation गर्नको लागि आवश्यक प्रक्रिया अगाडी बढाएको छ। साथै खालि रहेको जग्गामा अन्तर्राष्ट्रिय स्तरको Event and Exhibition Center निर्माण गर्नको लागि designing लगायतका आधारभुत प्रकृतिको काम सम्पन्न भई सकेको कुरा अवगत गराउदछौं।

बढ्दो प्रतिस्पर्धामा होटललाई प्रथम स्थानमा राखी राख्न अत्याधुनिक प्रविधिको प्रयोग गर्ने तथा होटलको आम्दानी तथा नाफालाई बृद्धि गर्नको लागी renovated banquet hall को उपयोग गर्ने, MICE business बढाउने तर्फ ध्यान दिने तथा Food & Beverage को प्रचार तथा प्रसार गर्ने जस्ता रणनीति अपनाई आम्दानीमा बृद्धि गरी शेयरधनीहरुलाई आकर्षक प्रतिफल वितरण गर्ने निती लिएको छ।

ग) यस त्रैमासिक अवधीमा यस होटलमा आधिकारीक युनियनले गैह्र कानूनी हड्ताल र नाराजुलुस गरेको कारण होटलको सेवा र व्यवस्थापनको प्रशासनिक काम कारवाही अवरुद्ध भई होटलको रिजर्भेसन समेत बन्द भएको हुनाले नाफा तथा नगद प्रवाहमा उल्लेखनिय नकारात्मक प्रभाव परेको छ।

**३) कानुनी कारवाही सम्बन्धी विवरण**

क) यस त्रैमासिक अवधिमा कम्पनीले ठूला करदाता कार्यालयले आ.व. २०७१।०७२ को गरेको कर निर्धारणमा चित्त नबुझेको हुनाले उक्त कार्यालयको बिरुद्ध राजश्व न्यायाधिकरणमा पूनरावेदन गरेको कुरा जानकारीको लागि अनुरोध छ।

ख) हालसम्म कम्पनीको संस्थापक वा संचालकले तथा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको सूचना कम्पनीलाई प्राप्त भएको छैन।

ग) हालसम्म कम्पनीको संस्थापक वा संचालकहरु विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको सूचना प्राप्त भएको छैन।

**४) संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण**

क) शेयर कारोबारमा हुने उतार चढाब खुल्ला बजारले प्रतिपादित गरेको मूल्य तथा मान्यता अनुरुप हुने गरेको।

ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार संख्या :

| आ.ब. २०७५।०७६ | अधिकतम मुल्य | न्युनतम मुल्य | अन्तिम मुल्य | कारोबार शेयर संख्या | कारोबार दिन |
|---|---|---|---|---|---|
| चौथो त्रैमासिक | ३३९ | २२७ | ३१६ | ८,६५,२०२ | ५९ |

**५) समस्या तथा चुनौती**

होटल क्षेत्रमा बढ्दो लगानीले व्यवसायीक प्रतिस्पर्धामा बृद्धी भईरहेको अवस्थामा Occupancy / Average Daily Room Rate लाई प्रथम स्थानमा बनाई राख्न यस कम्पनीको लागि चुनौती भएता पनि कम्पनी प्रशासनको अथक प्रयासले गर्दा आफ्नो प्रथम स्थान कायमै राखेको छ। विदेशी मुद्रामा भैरहेको अप्रत्यासीत बृद्धि, पर्यटन विकास सम्बन्धि पुर्वाधारको कमि, देशको अस्थिर आर्थिक अवस्थाले गर्दा थप कठिनाईको अनुभुति भैरहेको छ। तयापी काबुभन्दा बाहिरको समस्या बाहेक अन्य समस्या तथा चुनौतीलाई यस होटलले निष्प्रभावि बनाउदै प्रभावकारी बजार व्यवस्थापन, होटलको आवश्यक मर्मत तथा संभार, अन्तर्राष्ट्रिय स्तरको गुणस्तरीय ग्राहक सेवाको स्तर उन्नति र लक्ष्य अनुसारको बिक्री बढाउन नयाँ बजारहरुको खोजी गर्ने जस्ता रणनीति अपनाई समस्या समाधान गर्दै जाने नीति लिईएको छ।

**६) संस्थागत सुशासन**

कम्पनीले प्रचलित ऐन तथा कानुन, नेपाल र अन्तर्राष्ट्रिय लेखामान बमोजिमको मापदण्ड, नियमनकारी निकायहरुबाट जारि भएका नियम, विनियम, निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ। साथै आन्तरिक नियन्त्रण प्रणाली, सञ्चालन जोखिमहरु कम गर्न तथा कारोबारलाई थप व्यवस्थित गर्न विभिन्न आन्तरिक नीति, नियमहरु लागु गरि कम्पनीको सञ्चालक समिति, लेखापरीक्षण समिति लगायत सबै आ-आफ्नै स्थानबाट कम्पनीको प्रगति निमित्त अहोरात्र खट्ने गरेको र आन्तरिक विभिन्न समितिहरु सदैव क्रियाशील रहि परिणाममुखि कार्यहरु गर्दै आइरहेका छन।

**७) सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सु-सूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

## Unaudited Balance Sheet

### As at fourth Quarter of the Fiscal Year 2075/2076

| Particulars | As of 16-Jul-19 | As of 16-Jul-18 |
|---|---|---|
| **Assets** | | |
| **Non Current Assets:** | | |
| Property, Plant and Equipment | 1,812,477,614 | 1,947,388,757 |
| Intangible Assets | 46,467 | 76,274 |
| Work in Progress | 7,690,395 | 1,797,249 |
| **Total Non-Current Assets** | **1,820,214,476** | **1,949,262,280** |
| **Current Assets:** | | |
| Inventories | 15,005,159 | 17,646,713 |
| Trade and Other Receivables | 90,787,332 | 100,714,855 |
| Advance & Deposit | 116,531,224 | 116,623,109 |
| Prepaid Expense | 7,881,780 | 8,294,234 |
| Investment (Fixed Deposit) | 917,700,000 | 702,400,000 |
| Cash and Cash Equivalents | 375,588,279 | 337,949,024 |
| **Total Current Assets** | **1,523,493,774** | **1,283,627,935** |
| **Total Assets** | **3,343,708,250** | **3,232,890,215** |
| **Equity & Liabilities** | | |
| **Equity:** | | |
| Share Capital | 1,886,654,000 | 1,886,654,000 |
| Reserves | 535,326,226 | 421,203,564 |
| **Total Equity** | **2,421,980,226** | **2,307,857,564** |
| **Liabilities:** | | |
| **Non Current Liabilities:** | | |
| Employee Benefits | 99,668,127 | 113,693,196 |
| Deferred Tax Liabilities | 88,929,811 | 104,741,086 |
| **Total Non-Current Liabilities** | **188,597,938** | **218,434,282** |
| **Current Liabilities** | | |
| Loans and Borrowings | 44,665,010 | 49,564,320 |
| Trade and Other Payables | 586,634,118 | 558,864,979 |
| Deffered Income | 32,149,455 | 28,112,431 |
| Employee Benefit and Provisions | 69,681,503 | 70,056,639 |
| **Total Current Liabilities** | **733,130,086** | **706,598,369** |
| **Total Liabilities** | **921,728,024** | **925,032,651** |
| **Total Equity and Liabilities** | **3,343,708,250** | **3,232,890,215** |

## Unaudited Profit & Loss Account

### As at fourth Quarter of the Fiscal Year 2075/2076

| Particulars | Up to this Quarter ending 16 July 2019 | Up to same last year Quarter ending 16 July 2018 |
|---|---|---|
| Revenue from operations | 1,404,382,418 | 1,322,392,012 |
| Other income | 194,774,115 | 147,888,037 |
| **Total Income** | **1,599,156,533** | **1,470,280,049** |
| Operational expense and other costs of operation | 501,999,308 | 480,054,025 |
| Employee Cost and Benefits | 349,591,087 | 360,413,468 |
| Adminsitrative Overhead | 83,681,948 | 67,202,739 |
| Sales promotion expenses | 60,322,708 | 55,494,269 |
| **Profit before depreciation, amortisation and tax** | **603,561,482** | **507,115,548** |
| Depreciation and amortization expenses | 139,037,986 | 122,751,558 |
| Finance Expense/( Income) | 20,983,032 | 26,676,988 |
| **Profit Before Tax** | **443,540,464** | **357,687,002** |
| Provision for Tax | 91,103,612 | 76,611,804 |
| **Profit After Tax** | **352,436,852** | **281,075,198** |

**Note:** If The Statutory auditor or supervisory authority notify and remarks to change the financial statement the same shall be changed accordingly